# ताँजाकोट गाउँपालिका

# ताँजाकोट राजपत्र

**खण्ड : ०६ संख्या: ३० प्रकाशित मिति : २०८२।०४।२९**


स्थानीय सरकार सञ्चलान ऐन २०७४ को दफा १०२ को उपदफा २ को १ र ताँजाकोट गाउँपालिकाको प्रशासकिय नियमित गर्ने ऐन २०७४ को उपदफा ४ को १ बमोजिम ताँजाकोट गाउँपालिकाको गाउँ सभाले बनाइएको तल लखिएको कार्यविधी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## गाँउपालिका उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

नेपालको भौगोलिक विविधताले उपलब्ध गराएको अवसर र आधुनिक कृषि प्रविधिहरुको उपयोग गरि व्यवसायिक कृषिको माध्यमबाट खाद्द तथा पोषण सुरक्षा सुनिश्चित गर्दै दिगो आर्थिक वृद्धि गर्न सकिने सम्भावना रहेको छ । कृषिलाई उत्पादन आम्दानी र रोजगारको माध्यमबाट आकर्षक क्षेत्रको रुपमा विकास गर्न एकातिर युवाहरुलाई कृषि पेशामा आकर्षित गरि देशभित्रै स्वरोजगार सृजना गर्नुपर्ने जरुरी छ भने अर्कोतिर कृषकहरुलाई थप प्रोत्साहन गरी कृषि पेशालाई सम्मानित र व्यवसायिक बनाउन पर्ने भएकोले विनियोजन ऐन, २०८२ ले दिएको अधिकार प्रयोग गरी ताँजाकोट गाँउपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ (क) यो कार्यविधिको नाम "गाँउपालिका उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ।

(ख) यो कार्यविधि ताँजाकोट गाँउकार्यपालिका बाट स्विकृत भएको मितिबाट लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) कार्यक्रम भन्नाले गाँउपालिका उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमलाई जनाउँदछ।

(ख) "पालिका समिति" भन्नाले ताँजाकोट गाँउपालिकामा गठित समितिलाई जनाउँदछ।

(ग) "कृषि" भन्नाले वाली (अन्न,दलहन, तेलहन, औधोगिक), बागवानी (तरकारी, आलु, मसला, पुष्प, फलफूल, चिया, कफी), घाँसेवाली, पशुपन्छी मत्स्य, च्याउ तथा अन्य व्यवसायिक कीटलाई समेतलाई जनाँउदछ ।

(घ) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशका कृषि तथा पशुपन्छी बिकास मन्त्रालयलाई जनाँउदछ।

(ङ) गाँउपालिका उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकको न्यूनतम योग्यता भन्नाले यसै कार्यविधिको अनुसूची १ मा उल्लेख भएको न्यूनतम मापदण्डलाई जनाँउदछ।

(च) कृषक भन्नाले कृषि पेशा/व्यवसाय तथा कृषि वस्तु उत्पादनसँग सम्बन्धित सम्पूर्ण कार्य गर्ने व्यक्तिलाई जनाँउदछ।

३.उद्देश्यहरूः यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) कृषकको योगदानलाई उच्च सम्मान गरी मनोबल बढाउन सहयोग पुर्याउने ।

(ख) कृषिलाई आकर्षक एवं सम्मानित बनाउन सहयोग पुर्याउने ।

(ग) कृषक समुदायमा स्वस्थ्य प्रतिस्पर्धा गराई कृषिलाई व्यवसायिक बनाउन सहयोग पुर्याउने।

४. अपेक्षित प्रतिफलः प्रत्येक वर्ष गाँउपालिका बाट ३ जना कृषकहरु वार्षिक रुपमा सम्मानित हुनेछन।

५. प्रतिफलको मापनः वार्षिक रुपमा गाँउपालिकाको ३ जना उत्कृष्ट कृषकहरूको पहिचान भई कृषिको उत्पादन बढाउन प्रोत्साहित हुने र कृषि क्षेत्रमा आकर्षण बढाउन सहयोग पुग्ने ।

६. लक्षित समुह तथा वर्गः गाँउपालिका भरका कृषि पेशामा संलग्न भएका कृषक कृषक समुह, कृषि सहकारी, कृषि फार्म, कृषि व्यवसाय गर्ने कम्पनी।

## परिच्छेद- २

## कार्यक्रम सञ्चालन प्रक्रिया

७. उत्कृष्ट कृषक छनौट विधिः यस कार्यक्रम अन्तर्गत उत्कृष्ट कृषकको छनौट देहाय बमोजिम हुनेछ।

(क) सूचना प्रवाहः हरेक वर्ष ३० दिनको म्याद राखि गाँउपालिकाले गाँउपालिका भित्रका कृषकहरुबाट अनुसूची २ बमोजिमको निवेदन र अनुसूची-३ बमोजिमको विवरण सङ्कलन गर्नको लागि सूचना प्रवाह गर्नेछ।

८. निवेदन सङ्कलन एवं मूल्याङ्कन विधिः

(क) गाँउपालिका स्तरिय कार्यक्रम कार्यान्वयन गर्न देहाय बमोजिमको ५ सदस्यीय गाँउपालिका समिति रहनेछः

संयोजकः प्रमुख प्रशासकिय अधिकृत

सदस्यः प्रमुख, लेखा शाखा

सदस्यः प्रमुख, कृषि शाखा
सदस्यः प्रमुख, योजना शाखा
सदस्य सचिवः प्रमुख, पशु सेवा शाखा

(ख) दफा ८ को (क) बमोजिमको समितिको वैठक आवश्यकता अनुसार बस्नेछ र उक्त वैठकमा गाँउपालिका अध्यक्ष, उपाध्यक्ष र आर्थिक विकास समितिका संयोजकलाई आमन्त्रण गर्न सकिनेछ।
(ग) गाँउपालिका स्तर समितिले सम्बन्धित क्षेत्रको उपसमिति गठन गर्न सकनेछ।
उपसमितिः
कृषि प्राविधिकः २ जना
भेटेरिनरी प्राबिधिकः२जना
(घ) गाँउपालिका स्तरको प्रविधिक उप-समितिले कृषकहरुको निवेदन फारम संकलन गर्नेछ साथै कृषकबाट पेश भएको विवरण रुजू गर्न एक हप्ता भित्र स्थलगत निरिक्षण गरि यसै कार्यविधिको अनुसूची-४ मा उल्लेखित मूल्याङ्कनका आधारमा मूल्याङ्कन गर्नेछ ।
(छ) प्राविधिक उप-समितिले मूल्याङ्कनका प्रतिवेदन गाँउपालिकाका समितिमा एक हप्ता भित्र पेश गरी सक्नु पर्नेछ विशेष परिस्थिति सिर्जना भएमा तोकिएको समयसीमा परिवर्तन हुन सक्नेछ।

९. गाँउपालिका स्तर उत्कृष्ट कृषक घोषणा एवं पुरस्कार वितरणः
(क) प्राविधिक उपसमितिको प्रतिवेदनको आधारमा गाँउपालिकाको समितिले संयुक्त अनुगमन गरि गाँउपालिकाको अध्यक्षबाट उपयुक्त समयमा पुरस्कार एंव सम्मान गर्ने कार्यक्रम आयोजना गरिनेछ।

(ख) पुरस्कार राशि गाँउपालिकाको चालु आ.व. मा विनियोजिनत बजेट तथा स्विकृत कार्यक्रम बमोजिम गाँउपालिकाबाट प्रथम हुने कृषकलाई रु. २५०००/- आक्षरुपी पच्चिस हजार मात्र कर सहित, दोस्रो हुनेलाई १५०००/- आक्षरुपी पन्ध्र हजार कर सहित र तेस्रो हुनेलाई रु. १०,०००/- आक्षरुपि दश हजार कर सहित विभिन्न वडा बाट कृषकहरु वर्षिक रुपमा सम्मानित गरिनेछ ।

## परिच्छेद ३
## कार्यक्रमको न्युनतम मापदण्ड

१२. प्राविधिक पक्ष
(क) गाँउपालिका उत्कृष्ट कृषक पुरस्कार छनौट कार्यको लागि वडाबाट कृषिसँग प्रदेश तथा संघिय स्तरको पुरस्कार प्राप्त गरेका कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फार्म, कृषि, सहकारी संस्थाको विवरण माग गर्नेछ। यसरी माग भएको विवरण उप-समितिको निर्णय सहित सिफारिस गरि पठाउनुपर्नेछ।

(ख) गाँउपालिका उत्कृष्ट पुरस्कार प्राप्त गरेको कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म,

कृषि व्यवसाय गर्ने कम्पनीलाई पुनः सोही पुरस्कार कार्यक्रममा समावेश गरिने छैन ।
यद्यपि पहिले पुरस्कृत भएको निरन्तरता दिनेको हकमा फरक विधामा पुरस्कृत गर्ने प्रयोजनार्थ यस कार्यक्रममा समावेश गर्न यात्रा पर्ने छैन ।

१३. आर्थिक पक्षः

(क) गाँउपालिका उत्कृष्ट कृषक पुरस्कार एंव सम्मानको लागि आवश्यक रकम गाँउपालिकाले वार्षिक वजेट तथा कार्यक्रमको मध्यमबाट व्यवस्था गर्नेछ।

(ख) यस कार्यविधि बमोजिम छनौट भएका उत्कृष्ट कृषक, कृषक समुह कृषि सहकारी, कृषि फर्म, कृषि व्यवसाय गर्ने कम्पनीलाई प्रमाणपत्र सहित गाँउपालिका समितिले तोकेको नगद पुरस्कार निजको बैङ्क खतामा भुक्तानी हुने प्रबन्ध मिलाइनेछ ।

(ग) चालु आ.व.को विनियोजित बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम गाँउपालिकाले नगद पुरस्कार र प्रमाणपत्र सम्मान गर्नेछ । पुरस्कार राशी समय अनुसार थपघट गर्न सकिनेछ।

## परिच्छेद-४

## कार्यक्रम व्यवस्थापन, अनुगमन, निरीक्षणको व्यवस्था

१४. कार्यक्रमको अनुगमन सम्बन्धी व्यवस्थाः कार्यक्रमको अनुगमन तथा निरीक्षण कार्यविधिमा व्यवस्था भएका गाँउपालिकाको समिति र उपसमितिहरुबाट संयुक्त रूपमा वा छुट्टाछुट्टै हुनेछ ।

१५. कारवाही हुनेः यस कार्यविधि बमोजिम गाँउपालिका उत्कृष्ट कृषक पुरस्कार प्राप्त गर्ने कृषकले झुटो विवरण पेश गरेको पाइएमा नेपाल सरकारको प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

१६. गुनासो व्यवस्थापनः (क) यस कार्यविधि अन्तर्गत संचालित कार्यक्रममा कुनै गुनासो भएमा गाँउपालिका समिति समक्ष उजुरी गर्न सकिनेछ र गुनासोको सम्बन्धमा उक्त समितिबाट भएको निर्णय अन्तिम हुनेछ ।

(ख) यस कार्यविधि अन्तर्गतका कार्यक्रम प्रक्रियामा उल्लेख भएको व्यवस्था अस्पष्ट भएमा गाँउपालिका समितिले स्पष्ट पार्न सक्नेछ ।

१७. अनुसूचीमा हेरफेर गर्न सक्नेः यस कार्यविधिमा संलग्न अनुसूचीहरुमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

अनुसुची -१

गाँउपालिका उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागिताका लागि न्यूनतम मापदण्ड

तल तालिकामा उल्लेख भएको मध्ये कुनै एक खेति वा पशुपन्छी पालन भएको

| क्र.स | बालिको नाम | क्षेत्रफल/संख्या न्यूनतम | उत्पादन/कैफियत |
|---|---|---|---|
| १ | अन्नबाली तथा दलहन तेलहन बाली | १० रोपनी | |
| २ | तरकारी बाली पुष्प तथा मसला बाली | २ रोपनी प्लाष्टीक हाउस १००० बर्ग फिट | |
| ३ | आलु | पहाडमा १० रोपनी | |
| ४ | च्याउ | १० वटा टनेल ५०० बर्ग फिट | |
| ५ | अलैची अदुवा | ५ रोपनी | |
| ६ | आँप लिची ओखर रुखकटहर अनार किवी कागती | ७५ बोट | |
| ७ | अम्बा सुन्तला जुनार स्याउ नास्पति आरुबखडा | १०० बोट | |
| ८ | उच्च घनत्वको स्याउ | १००० बोट | |
| ९ | स्ट्रबेरी | २ रोपनी | |
| १० | चिया कफी | ५ रोपनी | |
| ११ | केरा | १० रोपनी | |
| १२ | उखु | १० रोपनी | |
| १३ | मौरी पालन | ५० घार/गोला | |
| १४ | माछा पालन | ३ रोपनी | |
| १५ | भेडा/बाख्रा | भेडा २०० माउ बाख्रा-२५० माउ | |
| १६ | च्याङग्रा पालन | ३० माउ | |
| १७ | बंगुर/सुँगुर | २० माउ | |
| १८ | गाई/भैसी | गाई १० माउ भैसी-७ माउ | |
| १९ | याक | ५ माउ | |
| २० | कुखुरा | २००० वटा | |
| २१ | हाँस | १००० वटा | |
| २२ | घाँस खेती | ५ रोपनी | |
| २३ | खाध्यान्न बिउ उत्पादन | ५ रोपनी | |
| २४ | तरकारी बिउ उत्पादन | २ रोपनी | |

अनुसुची-२

गाँउपालिका उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा भाग लिने कृषकले पेश गर्नुपर्ने निवेदनको ढाँचा

मितिः

श्री...............................

.....................................

विषयः गाँउपालिका उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी गराई पाँऊ

मिति.....................को सार्वजनिक सूचना अनुसारको गाँउपालिका उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा मलाई सहभागी हुन ईच्छा भएकाले मेरो विवरण सहितको निवेदन फारम दर्ता गरी दिनुहुन अनुरोध गर्दछु। यसमा मैले पेश गरेको संलग्न विवरण ठिक छ, झुटा ठहरिए कानुन बमोजिम सहुँला-बुझाँउला।

निवेदक
नामः
दस्तखतः
ठेगानाः
मोबाईल नं.

संलग्न गर्नुपर्ने कागजातहरुः

१. नेपाली नागरिकता प्रमाण-पत्रको फोटोकपि
२. किसान परिचय पत्र भएमा सोको फोटोकपि
३. जग्गाको लालपूर्जा वा करार सम्झौता फोटोकपि
४. फर्म/कम्पनी व्यवसाय दर्ताको फोटोकपि
५. कर चुक्ता प्रमाणपत्रको फोटोकपि
६. स्थायी लेखा (पान) नं. प्रमाणपत्रको फोटोकपि
७. सम्बन्धित वडाको सिफारिस
८. सूचनामा माग भए बमोजिमका अन्य कागजातहरु

# अनुसुची-३

गाँउपालिका उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमको लागि कृषकले पेश गर्नुपर्ने विवरण

१. स्रोत साधनको विवरणः

| क्र.स. | विवरण | एकाई | परिमाण |
|---|---|---|---|
| १. | कृषकसंग भएको स्रोत साधन | | |
| क) | कुल जग्गाको क्षेत्रफल (ठेक्कामा लिएको जग्गा समेत) | | |
| ख) | कुल खेती गरिएको क्षेत्रफल | | |
| ग) | पशुपालनको लागि प्रयोग गरिएको क्षेत्रफल | | |
| घ) | माछापालनको लागि प्रयोग गरिएको क्षेत्रफल | | |
| ङ) | सिञ्चित जग्गाको क्षेत्रफल | | |
| २. | सिंचाईको स्रोत | | |
| | | | |
| | | | |
| | | | |

२. खेती गरिएको बालीको क्षेत्रफल तथा उत्पादन विवरणः

| क्र. स. | विवरण | एकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| क) | खाद्दान्नबाली | | | |
| | | | | |
| | | | | |
| | | | | |
| ख) | दलहनबाली | | | |
| ग) | तेलबाली | | | |
| | | | | |
| | | | | |
| घ) | तरकारी बाली | | | |
| | | | | |
| | | | | |
| ङ) | आलु | | | |

| | | | | |
|---|---|---|---|---|
| च) | मसलाबाली | | | |
| | | | | |
| छ) | अलैची | | | |
| ज) | चिया, कफी | | | |
| झ) | फलफूल वाली | | | |
| | | | | |
| | | | | |
| ञ) | घाँस खेती | | | |
| | | | | |
| | | | | |
| ट) | मौरी पालन | | | |
| ठ) | अन्य रैथाने बाली | | | |
| ड) | बिउ उत्पादन | | | |
| ढ) | नर्सरी | | | |
| ण) | स्रोत केन्द्र(कुनै बाली वा पशु) | | | |

३. पशुपन्छीपालन तथा उत्पादन विवरणः

| क्र.स. | विवरण | एकाई | परिमाण/उत्पादन |
|---|---|---|---|
| १. | पशुपन्छी | | |
| २. | ठूला पशु संख्या गाई/भैंसी | | |
| ३. | साना पशु संख्या बाख्रा, भेडा | | |
| ४. | प्रजनन्को लागि पालिएको पशुको विवरण | | |
| ५. | कुखुरा वा अन्य पन्छीपालन | | |
| ६. | दुध उत्पादन | | |
| ७. | मासु उत्पादन | | |
| ८. | अण्डा उत्पादन | | |
| ९. | माछा उत्पादन | | |
| १०. | ऊन उत्पादन | | |
| ११. | पाश्मिना उत्पादन | | |

४. सेवा तथा संस्थागत पहुँच सम्बन्धी विवरणः

| क्र.स. | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १. | कृषि कार्यालयसंग सम्पर्क/समन्वय स्थिति | | | | |
| २. | कृषि ऋण स्रोत एवम् पहुँच | | | | |
| ३. | बाली तथा पशुधन बीमा कार्यक्रम पहुँच | | | | |
| ४. | कार्यक्रम/ आयोजनाबाट परियोजना प्राप्ति | | | | |
| ५. | प्राविधिकसंगको सम्पर्क स्थिति | | | | |

५. कृषि पेशामा संलग्न कामदारहरुको विवरण

| क्र.स. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १. | खेती कार्यमा | | | |
| २. | पशुपालन कार्यमा | | | |
| ३. | पन्छीपालन कार्यमा | | | |
| ४. | प्रशोधन तथा बजारीकरण कार्यमा | | | |

६. कृषि व्यवसायमा लगानी स्थितिः

| क्र.स. | सेवा तथा संस्थागत विवरण | वार्षिक खर्च रू. | कैफियत |
|---|---|---|---|
| १. | जम्मा खेती खर्च | | |
| २. | जम्मा पशुपालन खर्च | | |
| ३. | जम्मा पन्छीपालन खर्च | | |
| ४. | जम्मा कृषि औजार उपकरण खरिद खर्च | | |
| ५. | अन्य खर्च | | |
| | कुल जम्मा खर्च | | |

७. कृषि व्यवसायमा भएको लगानीको स्रोतः

| क्र.स. | लगानिको स्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | कृषि विकास बैंक बाट लिएको ऋण | | |

| | | | |
|---|---|---|---|
| २. | अन्य बैंक बित्तिय संस्थाबाट लिएको ऋण | | |
| ३. | समुह/सहकारीबाट लिएको ऋण | | |
| ४. | साहुबाट लिएको ऋण | | |
| ५. | छिमेकिबाट लिएको ऋण | | |
| ६. | आफ्नै आमदानीबाट बेहोरिने | | |
| | जम्मा | | |

८. कृषि पेशाबाट वार्षिक पारिवारिक आमदानी स्थितीः

| क्र.स. | सेवा तथा संस्थागत विवरण | वार्षिक रु. | कैफियत |
|---|---|---|---|
| १. | खेती कार्यबाट | | |
| २. | पशुपालनबाट | | |
| ३. | पन्छीपालन बाट | | |
| ४. | माछापालनबाट | | |
| ५. | कृषि उपजको बिक्रीबाट | | |
| ६. | कृषि पेशा अन्तरगत पर्ने अन्य कुनै माध्यमबाट | | |
| | कुल जम्मा आम्दानी | | |

९. प्राविधिक दक्षताः

| क्र.स. | दक्षताको क्षेत्र | स्थिति |
|---|---|---|
| १. | प्रविधि उपयोग तथा अनुसरण(भएको/नभएको) | |
| २. | स्रोत साधनको अधिकतम सदुपयोग (गरेको/नगरेको) | |
| ३. | प्रविधि विस्तारमा योगदान (भएको/नभएको) | |
| ४. | रोग किरा नियन्त्रण प्रविधिको उपयोग (भएको/नभएको) | |
| ५. | भकारो एंव गोठ सुधार (गरेको/नगरेको) | |
| ६. | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्यवस्थापन (गरेको/नगरेको) | |
| ७. | कुनै किसिमको पुरस्कार एंव प्रशंसा पत्र (पाएको/नपाएको) | |
| ८. | समुह/सहकारी/समिति सदस्य (भएको/नभएको) | |
| ९. | स्थानिय स्तरमा आफ्नो अनुभव आदान-प्रदान (गरेको/नगरेको) | |

१०. नयाँ कृषि प्रविधिको विकासः

११. खेती प्रणालीमा अपनाईएको नयाँ प्रविधिहरुको विवरणः

१२. कृषि व्यवसाय एंव प्रविधिहरुको बिस्तृतीकरण (कुनै भएमा)

१३. कृषि व्यवसाय प्रवर्द्धनका भावी योजनाः

१४. कृषको सफलताको कथा (बढीमा १०० शब्द)

## अनुसुची-४

उत्कृष्ट कृषक पुरस्कारको लागि मुल्याङ्कनका आधारहरुः

| क्र.स. | मुल्याङ्कनका आधारहरु | पूणार्ङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | स्रोत साधनको स्थिति एवम् सदुपयोग | ५ | |
| २. | स्थानीय समुदायमा कार्य अनुभवको आदान प्रदान एंव योगदान | ५ | |
| ३. | उत्पादन स्थिति / उत्पादकत्व | १० | |
| ४ | सेवा तथा संस्थागत पहुँच | ५ | |
| ५. | रोजगारी सिर्जनाको स्थिति | १० | |
| ६. | कृषि व्यवसायमा गरेको आर्थिक लगानीको स्थिति | १० | |
| ७. | कृषि व्यवसायवाट प्राप्त आम्दानी एंव प्रतिफल स्थिति | ५ | |
| ८. | विकास कार्यालय र प्राविधिकसँगको सम्पर्क स्थिति | ५ | |
| ९. | प्राविधिक ज्ञान सिप बारे जानकारी एवं प्रयोग स्थिति | ५ | |
| १०. | कृषि व्यवसायको दिगोपना स्थिति | ५ | |
| ११. | सृजनात्मक कार्य गरेको | ५ | |
| १२. | स्थलगत अनुगमन (Field verification) | ३० | |
| | जम्मा | १०० | |

नोटः समितिले मूल्यांकन गर्दा उल्लेखित मापदण्डको आधारमा उप-आधारहरु (विस्तृतिकरण) तयार गरी मूल्यांकन गर्न सक्नेछ।